स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चर्चित गायक प्रकाश सपूतले करिअरको दोस्रो फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को छायांकन सुरु गरेका छन् । जेठ २४ गते ओखलढुङ्गास्थित रुम्जाटारमा क्यामेरा, स्क्रिप्ट र क्ल्याप बोर्ड पूजाआजा गरेपछि सुरु गरिएको छायांकनमा पहिलो दृश्य नै प्रकाशसहित बालकलाकार जानिभ पैंडेलको खिचिएको थियो । सरोज पौडेलले निर्देशन सम्हालेको फिल्ममा विजय बराल, मुकुन भुसाल, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, बुद्धि तामाङ, भोलाराज सापकोटा, विनोद न्यौपाने, स्वायम् केसी (बालकलाकार) लगायतको पनि अभिनय रहेको छ ।

**आजको विचार...**



नेता...
(दुई पेजमा)

डा. अतीन्द्र दाहाल



अभिनेता अनमोल केसी अर्को फिल्म 'जेरी अन टप'को तयारीमा जुटिसकेका छन् । यही जेठ अन्तिमबाट छायांकन गर्न लागिएको फिल्ममा उनको जोडी अभिनेत्री आना शर्मासँग बाँधिने निश्चित भइसकेको छ । फिल्ममा अर्की शर्मा अभिनेत्रीको पनि प्रवेश भएको छ । ती अभिनेत्री आँचल शर्मा हुन् । फिल्मका निर्माता सरोज न्यौपानेले फेसबुकमा स्टाटस लेख्दै 'श्री ए' निश्चित भएको जनाएका थिए । तर, उनले दोस्रो अभिनेत्रीको नाम भने सार्वजनिक गरेका थिएनन् । यद्यपि, दोस्रो 'ए' आँचल हुनसक्ने आँकलन धेरैको थियो । उनले फिल्ममा आफू आबद्ध भएको पुष्टि गरेकी छन् । उनले भनेकी छन्, 'हो, म 'जेरी अन टप' गर्दैछु ।'

❒ वर्ष २९ ❒ अंक ३१० ❒ २०८१ जेठ २७ गते आइतबार 9 June 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# लायन्सको चौथो क्याबिनेट बैठक तानसेनमा

## ५ जिल्लाका ७ सय लायन्स सदस्यहरु सहभागी

### आन्तरिक पर्यटक प्रवर्द्धनमा सहयोग पुग्नेमा विश्वास

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ २/सामाजिक क्षेत्रको अग्रणी संस्था लायन्स क्लबको चौथो क्याबिनेट बैठक पाल्पाको तानसेनमा भएको छ । लायन्स क्लव इन्टरनेशनल डिष्ट्रिक ३२५ पि नेपालको क्याबिनेट बैठक शनिबार तानसेनस्थित श्रीनगर डवली परिषरमा भएको हो ।

लायन्स क्लव इन्टरनेशनल डिस्ट्रिक ३२५ पि नेपालको आयोजना र पाल्पामा सञ्चालित एरिया -२ सबै लायन्स क्लवहरुको आतिथ्यतामा बैंठक भएको हो । बैंठकमा क्लबहरुले गरेका कामको समीक्षा तथा आगामी कार्ययोजनाको विषयमा छलफल गरिएको थियो । पाल्पा पर्यटकीय क्षेत्र भएकाले त्यसको विकास र विस्तारमा टेवा पुगोस् भन्ने उद्देश्यले लायन्सको क्याबिनेट बैंठक तानसेनमा राख्न सफल भएको कार्यक्रमका संयोजक तथा एरिया -२ का चिफ लायन भिमबहादुर श्रेष्ठले बताए । बैंठकको उद्घाटन तथा स्वागत लायन्स डिष्ट्रिक गभर्नर पिएमजेएफ लायन अर्जुनमान सैजुले गरेका थिए ।

बैंठकलाई स्वागत गर्दै उनले पाल्पा पर्यटकीय गन्तव्यमा सुरक्षित छ भन्ने सन्देश दिन, लायन्स क्लबको इतिहासमा इटा थप्न, सबै लायन्सको





आत्मसम्मान बढाउन र लायन्सहरुको संस्थागत विकासमा योगदान दिन बैठक आयोजना गरिएको बताए । उनले भने,'शुन्दर नगरी तानसेनमा स्थानीय उत्पादन, कला र संस्कृतिको प्रवर्द्धन, स्थानीय व्यापार, व्यवसाय, आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धन, धार्मिक, साँस्कृतिक र प्राकृतिक क्षेत्रको सम्भावनाको खोजी गर्न बैठकले सहयोग पुग्ने विश्वास लिएका छौं ।' लायन सैजुले सामाजिक कार्यमा निरन्तर लागेकै कारण क्लबले विभिन्न अवार्डहरु जित्न सफल भएको बताए । उनले क्लवले अवार्ड पाउनु भने कै क्लवमा आवद्ध सबै सदस्यको सफलता रहेको धारणा व्यक्त गरे ।

सैजुलले अहिलेसम्म सम्मानित भएकाहरुलाई जिम्मेवारी बोध गर्न समेत आग्रह गरे । उनले भने,' सफलता र सम्मान पायौं भन्दैमा आफ्नो जिम्मेवारी भने बिर्सन हुँदैन ।' बैठकमा क्लवका निवर्तमान गभर्नर लायन नवराज न्यौपाने, प्रथम भाईस डिष्ट्रिक्ट गभर्नर लायन बालराम भट्टराई, वर्ष २०२४/२०२५ का निर्वाचित गभर्नर लायन पुरुषोत्तम भक्त प्रधानाङ्ग लगायतले क्लवको वर्तमान अवस्था, भावी योजनाका बारेमा आ-आफ्ना धारणा राखेका थिए । लायन्स क्लब अन्तर्राष्ट्रिय निर्देशक लायन बालकृष्ण बुर्लाकोटी, मल्टिपल काउन्सिल चियर पर्सन लायन सिवी चन्द र पूर्व गभर्नर लायन अरुण प्रताप राणाले भिडियोमार्फत पठाएका शुभकामना प्रस्तुत गरिएको थियो ।

बैंठकमा डिष्ट्रिक्टका जोन तथा रिजोन चियरपर्सन तथा क्याबिनेट अफिसर्सहरुले आ-आफ्नो क्षेत्रमा भएका मानवीय एवं सामाजिक कार्यको प्रगति विवरण तथा भविष्यमा गर्ने कार्ययोजना प्रस्तुत गरेका थिए । बैठकले क्याबिनेट सेक्रेटरी बिनोद खरेलले प्रस्तुत गरेको सचिवको प्रतिवेदन र कोषाध्यक्ष दिनेश प्रसाद श्रेष्ठको प्रतिवेदन पारित गरेको छ । वर्ष २०२३/२०२४ का लागि चयन भएको नेतृत्वको यो अन्तिम क्याबिनेट बैंठक रहेको कोषाध्यक्ष श्रेष्ठले बताए । उनका अनुसार क्लबमा ३ हजार ७ सय सदस्य रहेका छन् । क्लवले अहिलेसम्म ५ हजार बढी गतिविधि गर्न सफल भएको बताइएको छ । क्लवले कार्यक्रमकै अवसरमा लायन्स क्लव अफ काठमाडौं मालरानी नयाँ सदस्य क्लवको रुपमा जोडेको छ ।

-...बाँकी अन्तिम पेजमा

**संक्षिप्त समाचार**

## तिनाउ खोलामा डुबेर एकको मृत्यु



**पाल्पा,** जेठ २६/तिनाउ खोलामा डुबेर एक जनाको मृत्यु भएको छ । जिल्लाको तिनाउ गाउँपालिका -३ झुम्सास्थित तिनाउ खोलामा नुहाउने क्रममा डुबेर एक जनाको मृत्यु भएको हो । शनिबार विहान साथीहरुसँगै खोलामा नुहाउन पुगेका भारतको कानपुरका ३५ वर्षीय फहीम अहमदको खोलामा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार खोलामा डुबेर गम्भीर घाइते भएका अहमदलाई लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारका लागि लगिएकोमा डाक्टरले मृत घोषणा गरेका हुन् । उनीसँगै आएका २ जना साथीहरुले खोलाबाट उद्दार गरेर अहमदलाई अस्पताल पुऱ्याएका थिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# मोदी बने भारतको तेस्रो पटक प्रधानमन्त्री, आज शपथ लिदैं

### शपथ ग्रहण समारोहमा भाग लिन नेपालका प्रधानमन्त्री नयाँदिल्ली जाँदै

**पाल्पा,** जेठ २६/भारतको प्रधानमन्त्रीमा नरेन्द्र मोदी पुन: नियुक्त भएका छन् । राष्ट्रपति द्रौपदी मुर्मुले औपचारिक रूपमा उनलाई प्रधानमन्त्री-निर्वाचितको रूपमा नियुक्त गरेकी हुन् ।

भाजपा नेता मोदीले आज साँझ ऐतिहासिक तेस्रो कार्यकालको लागि शपथ लिदै छन् । लोकसभा निर्वाचनमा भाजपाले एकल बहुमत नल्याएपछि मोदी नेसनल डेमोक्रेटिक अलायन्सको तर्फबाट प्रधानमन्त्री बनेका हुन् । गत मंगलबार चुनावी परिणाम घोषणा भएको थियो । अघिल्ला दुई निर्वाचनमा भाजपा एक्लैको बहुमत आएको थियो । यसपटक भने भाजपाले बहुमत ल्याउन सकेन । तर, एनडीएमा आबद्ध दलहरूको बुधबार बसेको बैठकले मोदीलाई सर्वसम्मत नेता चयन गरेपछि उनी प्रधानमन्त्री बन्ने पक्का भएको थियो । भारतमा लगातार तीनवटा चुनाव जितेर तेस्रोपटक प्रधानमन्त्री बन्ने दोस्रो व्यक्ति मोदी बनेका छन् । यसअघि उक्त रेकर्ड जवाहरलाल नेहरूको नाममा थियो । अहिले



भारतको चुनावी नतिजा र विकसित हुँदै गरेका घटनाक्रमलाई नेपालमा पनि नजिकबाट हेरिँदै छ ।

एकल बहुमतको राजबाट गठबन्धन सरकारको नेतृत्व गर्दै गर्दा मोदीको नेपाल नीति कस्तो रहला भन्नेमा यहाँ बढी चासो छ । नेपालसँगको सीमा समस्यामा विदेश मन्त्रालयले तत्कालीन रूपमा सन्तुलित कूटनीतिक संवाद गर्न नसक्दा दुवै देशले फरक-फरक नक्सा निकाल्नुपर्ने भयो । साथै, गोर्खा सैनिक भर्तीमा नेपालीको सहभागिता रहँदै आएकामा मोदी सरकारले ल्याएको चारवर्षे अग्निवीर सैनिक भर्तीको समस्या अहिलेसम्म समाधान हुन सकेको छैन ।

१० वर्षअघि गुजरातको मुख्यमन्त्री छाडेर मोदी नयाँदिल्ली आएका थिए । त्यसबेला भाजपाका चर्चित नेताहरूलाई पछि पार्दै उनी प्रधानमन्त्री बनेका थिए । त्यस यता उनी निरन्तर प्रधानमन्त्री बन्दै आएका छन् ।

**प्रधानमन्त्री प्रचण्ड नयाँदिल्ली जाँदै**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शपथ ग्रहण समारोहमा भाग लिन आज नयाँदिल्ली जान लागेका छन् । बिहीबारको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री दाहाल शपथ ग्रहणमा जाने सम्बन्धमा निर्णय गरेको थियो । उनीसहित ५ जना सहभागी हुने छन् । मन्त्रिपरिषद्ले शनिबार बिहान भारत जाने टोलीको नाम तय गरेको हो । प्रधानमन्त्री दाहालकोसाथमा कानुनमन्त्री गिरी, परराष्ट्र सचिव सेवा लम्साल, दाहालकी स्वकीय सचिव गंगा दाहाल र शिष्टाचार महापाल सहभागी हुने छन् । मोदीले यसअघिजस्तै आफ्नो शपथ ग्रहण समारोहमा छिमेकी देशका सरकार प्रमुखलाई निमन्त्रणा गरेका हुन् । शपथ ग्रहण समारोहमा नेपालबाहेक बंगलादेश, माल्दिभ्स, भुटान, श्रीलंका, मौरिसस र सेसेल्सका सरकार/राष्ट्रप्रमुख सहभागी हुने भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## कृषक दिवसको सार्थकता

१२ औं राष्ट्रिय कृषक दिवस आज विभिन्न कार्यक्रम गरी देशभर मनाइँदै छ । हरेक वर्ष जेठ २७ गते यो दिवस मनाउने गरिन्छ । देशभरका कृषकहरुको सम्मानको लागि यो दिवस मनाउने गरिएको हो । दिवसले कृषकको आवश्यकता र महत्वलाई उजागर गर्दछ । यसले राष्ट्रिय कृषि पेसालाई प्रवर्द्धन गर्दै, निर्वामुखी कृषिबाट ब्यवसायिक कृषिको यात्रालाई पैरवी गर्न दिवसको विशेष महत्व रहेको छ । तर नेपाललाई कृषिप्रधान देश भनिए पनि यहाँका कृषकले त्यसको अनूभुति भने गर्न पाएका छैनन् । कृषिप्रधान मुलुकमा कृषककै नाममा एक दिन विशेष उत्सव मनाउनुको आफ्नै अर्थ छ । तर कृषकसँग अन्तरसम्बन्धित वर्षौंदेखिका मुद्दालाई सम्बोधन गर्ने दिशामा भने कुनै पाइला नचाली खालि तामझामका साथ दिवस मात्रै मनाउनुको चाहिँ कुनै अर्थ छैन । त्यसैले, परिणाम दिने कार्यमै सम्बद्ध पक्षको थप मिहिनेत आवश्यक छ । खासगरी कृषि उत्पादन वृद्धि गर्न कृषकहरुले सकिरहेका छैनन् । यसको मूल समस्या भनेको मलबिउ अभाव र सिँचाइ असुविधा हो । हरेक वर्ष कृषिजन्य वस्तुमा मल हाल्नुपर्ने बेलामा कृषकले मल नै पाउदैनन् । यो जस्तो विडम्वना अर्को कुनै हुन सक्दैन ।

सम्भावना भएर पनि व्यवस्थापकीय कमजोरीका कारण कृषि उत्पादन बढाउन नसक्नु र विदेशी मुद्रा सञ्चिति घटेर अर्थतन्त्र संकटोन्मुख रहेकै अवस्थामा कृषि सामग्रीका नाममा अर्बौं रुपैयाँ बाहिरिनु कहालिलाग्दो अवस्था हो । यो अवस्थाको अन्त्य गर्न मलबिउसम्बन्धी सरकारकै नीति पूर्ण रूपमा कार्यान्वन हुन आवश्यक छ । मलको आपूर्ति व्यवस्था सहज बनाउन सरकारले नै जारी गरेको मल नीति छ, जसअनुसार बाली लगाउनु ६ महिनाअघि नै मल सुनिश्चित गर्नुपर्छ, र बाली लगाउने बेला घरदैलोमा पुर्‍यादिनुपर्छ । तर त्यसो हुन नसक्दा उर्जावान युवाशक्ति दिन–प्रतिदिन विदेशिने क्रम बढ्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो । कृषि उत्पादन बढाउनुपर्छ, कृषकको महत्व धेरै छ भनेर वर्षाको एकदिन कृषक दिवसमा भाषाण गरेर मात्रै कृषकको समस्या पूरा हुने र उत्पादनमा वृद्धि हुने होइन । कृषकलाई आधुनिक तरिकाबाट खेती गर्न सिकाउने र व्यावसायिक बनाउन सक्नुपर्छ । त्यसका लागि भरपर्दो तालिम दिन सक्नुपर्छ । लगनशील र इमानदार किसानको पहिचान गरी अनुदान दिने र कृषि उद्योग खोल्न प्रोत्साहन दिन सक्नुपर्छ । कृषकले उत्पादन गरेका कृषिजन्यवस्तु बिक्रीका लागि पर्याप्त बजारको व्यवस्था गरिनुपर्छ । यसो भयो भने मात्र हरेक वर्ष कृषक दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ । अन्यथा दिवस औपचारिकतामै सिमित हुन्छ ।

## Opinion @ Social Network

घाम जस्तै बनाउनुहोस् जिन्दगी,
आज हराय पनि भोली फेरी नयाँ किरणका साथ उदाउने
*(सलिना मगरको फेसबुक स्टाटसबाट https://www.facebook.com/salena.magar)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेता ज्यूहरू ! लाज लाग्दैन कि पचाउन सक्नुहुन्छ ?



डा. अतीन्द्र दाहाल

> **नागरिकमा सरकारप्रति भरोसा छैन । भ्रष्टाचार गरेको छैन भनेर कोही कुनै ओहदामा बसेको मानिसले भन्छ भने उसप्रति विश्वास जाग्दैन । अहिलेकै नेताबाट देश विकासको आशा गर्नु रत्नपार्कको भित्तामा बसेको ज्योतिषीको भविष्यवाणी माथिको भरोसाजस्तै हो । जसको आफ्नो भविष्य छैन, उनीहरू सय–पचास रुपैयाँ लिएर अरूको भविष्य भनिरहेछन् हामी त्यसमा रमाइरहेछौँ । उनीहरू स्वयंको भविष्य सबल भएको भए सार्वजनिक पेटीमा बस्नुपर्दैनथ्यो । देशमै बसेर केही गर्नुपर्छ भन्ने विश्वास र संकल्प बोकेको मानिसलाई कुनै काम दिएर सरकारी अफिसमा पठाइदिएपछि बेलुका फर्कदा ऊ यो देशमा बसेर काम छैन भन्ने सोच निर्माण गरेर आउँछ । सेवाप्रवाह र सेवाग्राहीमाथिको सरोकारवाला निकाय अनि नियामक व्यक्तिको आचरण तथा सोच नोकरशाही पद्धतिको छ । स्थानीय निकायमा जनप्रतिनिधि भएपछि सहज र उच्च गतिमा काम हुन्छन् भन्ने आशा थियो, तर अख्तियारमा परेका भ्रष्टाचारजन्य उजुरीमध्ये सबैभन्दा अधिकचाहिँ स्थानीय निकायसँग सम्बन्धित रहेको तथ्यांक देखिन्छ । अधिकांश स्थानीय निकायका जनप्रतिनिधि आफू सहज र स्वार्थ मिल्ने कार्यकारी अधिकृत खोज्न संघसँग साक्षात्कार गरिरहेका समाचार प्रकाशित भएका छन् । हालसालै विदेशी लेखक हेलेन थोम्पसनले एक पुस्तक लेखेका छन्, 'डिसअर्डर : हार्ड टायम्स फर ट्वान्टी फर्स्ट सेन्चुरी' । यस पुस्तकअनुसार भूराजनीतिक असहजता, आर्थिक अधोगति र प्रजातन्त्रीय निष्प्रभाविता अहिले कुनै पनि देश असफलता उन्मुख हुने प्रधान आधार हुन् । हाम्रो अवस्थालाई नियाल्दा यी तीनवटै कुरामा हामी अग्र श्रेणीमै छौँजस्तो देखिन्छ । उत्तेजक भाषणबाहेक नेतृत्वसँग देशको विकास गर्ने सोच, योजना, रणनीति के छ ? तर केही दल र नेताचाहिँ बाटामा लखरलखर हिँडेर समृद्धि आउँछ भन्दै स्याल हुइयाँमा पनि छन् । राजनीति होइन, आर्थिक नीति र सबलता प्रमुख हो ।**

देशमा धेरैपटक क्रान्ति भए, नयाँ संविधान लेखिए, व्यवस्था बदलियो । पछिल्लोपटक संसद् भवन कुनै कुस्ती मैदानजस्तो देखिन्छ । सरकारहरूको एउटै काम भनेको विश्वासको मत लिने मात्र हुँदै छ । सोचे वा नसोचेका अनेकन् कुरा भए, केवल एउटै मात्र काम भएन, त्यो हो जनअपेक्षित विकास । विकास र प्रगति हरेक देश तथा जनताको स्वाभाविक आशा हो । यो स्वयंसिद्ध एवं प्राकृतिक नागरिक अधिकार समेत हो । प्रतिनिधिमूलक प्रजातान्त्रिक व्यवस्थामा जनताका प्रतिनिधि अथवा नेतृत्वले यो अभिभारा पूरा गर्नुपर्छ । नेताहरूले हामी देशलाई सिंगापुर अथवा स्विजरल्यान्ड बनाउँछौँ भन्दै भाषणबाजी गरेका ध्वनिका तरंग आम नागरिकका कानमा अहिले पनि गुन्जिरहेको छ, तर नागरिकको आशा, देशको वास्तविक तथा वस्तुगत अवस्था अनि नेताहरूको भाषणचाहिँ 'हामी नदीका दुई किनारा' भन्ने गीतजस्तै छ । कहीँकतै यिनीहरूको भेट हुँदैन । देशको विकास भएको छ कि छैन ? देश बस्न लायक छ कि छैन ? विदेश जानेहरूको लर्को किन बढेको छ ? निकट भविष्यमा देशको अवस्था सहजता अथवा असहजता उन्मुख के हुन्छ ? सर्वहाराका नेता भनिनेहरूको जीवनशैली र रवाफ कस्तो छ ? यी प्रश्नले आम मानसपटल र भविष्यउन्मुख हरेक व्यक्तिलाई पिरोलेको छ । नागरिकमा सरकारप्रति भरोसा छैन । भ्रष्टाचार गरेको छैन भनेर कोही कुनै ओहदामा बसेको मानिसले भन्छ भने उसप्रति विश्वास जाग्दैन । अहिलेकै नेताबाट देश विकासको आशा गर्नु रत्नपार्कको भित्तामा बसेको ज्योतिषीको भविष्यवाणी माथिको भरोसाजस्तै हो । जसको आफ्नो भविष्य छैन, उनीहरू सय-पचास रुपैयाँ लिएर अरूको भविष्य भनिरहेछन् हामी त्यसमा रमाइरहेछौँ । उनीहरू स्वयंको भविष्य सबल भएको भए सार्वजनिक पेटीमा बस्नुपर्दैनथ्यो ।

देशमै बसेर केही गर्नुपर्छ भन्ने विश्वास र संकल्प बोकेको मानिसलाई कुनै काम दिएर सरकारी अफिसमा पठाइदिएपछि बेलुका फर्कदा ऊ यो देशमा बसेर काम छैन भन्ने सोच निर्माण गरेर आउँछ । सेवाप्रवाह र सेवाग्राहीमाथिको सरोकारवाला निकाय अनि नियामक व्यक्तिको आचरण तथा सोच नोकरशाही पद्धतिको छ । स्थानीय निकायमा जनप्रतिनिधि भएपछि सहज र उच्च गतिमा काम हुन्छन् भन्ने आशा थियो, तर अख्तियारमा परेका भ्रष्टाचारजन्य उजुरीमध्ये सबैभन्दा अधिकचाहिँ स्थानीय निकायसँग सम्बन्धित रहेको तथ्यांक देखिन्छ । अधिकांश स्थानीय निकायका जनप्रतिनिधि आफू सहज र स्वार्थ मिल्ने कार्यकारी अधिकृत खोज्न संघसँग साक्षात्कार गरिरहेका समाचार प्रकाशित भएका छन् । हालसालै विदेशी लेखक हेलेन थोम्पसनले एक पुस्तक लेखेका छन्, 'डिसअर्डर : हार्ड टायम्स फर ट्वान्टी फर्स्ट सेन्चुरी' । यस पुस्तकअनुसार भूराजनीतिक असहजता, आर्थिक अधोगति र प्रजातन्त्रीय निष्प्रभाविता अहिले कुनै पनि देश असफलता उन्मुख हुने प्रधान आधार हुन् । हाम्रो अवस्थालाई नियाल्दा यी तीनवटै कुरामा हामी अग्र श्रेणीमै छौँजस्तो देखिन्छ । उत्तेजक भाषणबाहेक नेतृत्वसँग देशको विकास गर्ने सोच, योजना, रणनीति के छ ? तर केही दल र नेताचाहिँ बाटामा लखरलखर हिँडेर समृद्धि आउँछ भन्दै स्याल हुइयाँमा पनि छन् । राजनीति होइन, आर्थिक नीति र सबलता प्रमुख हो । पछिल्लो ५० वर्षमा चीन किन उदीयमान शक्ति भयो । युरोप र अमेरिका किन कमजोर हुँदैछन् । यी दुवै ध्रुवमा राजनीतिक प्रणाली र परिस्थिति फेरिएको छैन, तर आर्थिक अवस्थामा भीमकाय परिवर्तनहरू आए । अहिले भूराजनीति 'जिओपोलिटिक्स' भन्दा भूअर्थनीति 'जिओइकोनोमिक्स' मुख्य पक्ष हो । निकोलस मुल्दरको पुस्तक 'द इकोनोमिक वेपन'ले यसलाई राम्रो गरी विश्लेषण गर्दछ, अहिलेको शक्ति भनेकै आर्थिक शक्ति हो । उत्पादन, आत्मनिर्भरता अनि निर्यातमा हामी अति धेरै जीर्ण भइसक्यौँ । तत्काल वा केही दशकसम्म यो अवस्थालाई सन्तुलित गर्न सकिँदैन । सार्वजनिक ऋण २३ खर्बभन्दा बढी भएको तथ्यांक छ । व्यापार घाटा र असन्तुलन ९० प्रतिशतभन्दा बढी छ । प्राचीन इतिहास पल्टाएर हेर्दा भोटसम्म हाम्रो व्यापार नियन्त्रण थियो । भोटमा नेपालमा मुद्रण गरिएका सिक्का चल्थ्यो । रेशमीमार्गमार्फत नेपालले विश्वलाई जोडेको थियो । प्रथम विश्वयुद्ध तथा द्वितीय विश्वयुद्धमा नेपालले बेलायतलाई आर्थिक सहायता समेत प्रदान गरेको थियो । केही दशकअगाडि हामी लभभग अधिकांश कुरामा आत्मनिर्भर थियौँ । आज उच्च व्यापार घाटा भएको अनि विदेशी सहयोग र विप्रेषण प्रधान अर्थ चरित्र भएको देशमा परिणत भएका छौँ । हामी पैसाले पैसा कमाउने दलाल पुँजीवाद अथवा वित्तीय पुँजीवादको दुर्चक्रमा फसेका छौँ । उत्पादनमार्फत सामर्थ्य बढाउने होइन, पैसा सङ्ग्रह र संरक्षण गरेर केवल सट्टापट्टा गर्ने अथवा ओसारपसार गर्नेमा मात्र केन्द्रित छौँ । अनुत्पादक क्षेत्रमा पैसा लगानी गर्ने र त्यसैको भाउ बढाएर नाफा लिने आदतमा हाम्रो अर्थतन्त्र नराम्ररी भत्किँदै छ । फलस्वरूप अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राष्ट्र एजेन्सी नामक एक संस्थाको पछिल्लो प्रतिवेदनले नेपाल दक्षिण एसियाकै गरिब देश भएको निष्कर्ष सार्वजनिक गर्‍यो, तर सिंगापुर र स्विट्जरल्यान्ड बनाउने भन्ने नेताहरू कानमा तेल हालेर स्वप्रशंसाको पुलिन्दा बोक्दै दौडिरहेका छन् । जसरी पनि फाइदा अथवा नाफा आफूमा केन्द्रित गर्ने 'रेन्ट सिकिङ एट्टिच्युड' र पैसाको भण्डार थुपार्ने 'क्रोनी क्यापिटालिजम' हाम्रा नेताहरूको सामरिक चरित्र बन्यो । तसर्थ आज अधिकांश नेता अधिक धनी, पूर्ण विलासी छन् तर जनता सामान्य दैनिकी चलाउन बिदेसिनुपर्ने अवस्था छ । हाम्रा दुवै छिमेकीले पछिल्लो केही दशकमा अपार आर्थिक प्रगति गरे । चीनले 'बेल्ट एन्ड रोड इनिसिएटिभ' र भारतले 'एसिया अफ्रिका ग्रोथ करिडोर' अनि 'नर्थ-साउथ ट्रेड रिजन'जस्ता आक्रामक योजना निर्माण र लागु गरे । एसियाका थुप्रै अरू देश 'किटन इकोनोमी' 'सानो अर्थतन्त्र'बाट टाइटर अथवा ड्रागन इकोनोमी 'अधिक गतिका वृद्धिदर भएका' अर्थतन्त्र भए । विकास प्रजातन्त्र नै आजको प्रजातन्त्रको प्रमुख शोभा हो । जनतालाई सहज, सरल, गुणस्तरीय जीवनयापनको वातावरण नबन्ने प्रजातन्त्र के काम ? नागरिकलाई प्रजातन्त्र नामका लागि होइन, कामका लागि चाहिएको हो तर परिणाम के आयो त ? कुनै बेला भारतले नेपालका राष्ट्राध्यक्षलाई आफ्नो स्वतन्त्रता दिवसको विशेष समारोहको प्रमुख अतिथि बोलाउँथ्यो । आज ऊ अमेरिकाको राष्ट्राध्यक्ष बोलाउँछ । भर्खरै महत्त्वपूर्ण 'जी ट्वान्टी' सम्मेलन पनि सम्पन्न गर्‍यो । हाम्रा सरकार प्रमुखहरू त्यहाँ जाँदा राज्यमन्त्री अथवा सहायकमन्त्री स्वागतमा आउँछन् । देशले आर्थिक हैसियतसँगै राजनीतिक कद समेत गुमाइरहेको स्पष्ट देखिन्छ । दातृ निकाय र वैदेशिक सहयोगबाहेक कुनै विशेष योजना तथा परियोजना सम्पन्न हुनु कोरा कल्पनाजस्तो भइसक्यो । राजनीतिक परिवर्तनको कुनै कालखण्डमा विदेशी हस्तक्षेप मुर्दावाद भनेर नारा लेख्ने प्रचलन निकै प्रिय थियो । अहिले त यस्तो नारा लेख्ने इनामेल, ब्रस र पेन्टर समेत विदेशबाटै ल्याउनुपर्छ । विदेशले पठाएन भने, त्यो लेख्न पनि हैसियत हुँदैन । अब कति बिग्रिएपछि नेतृत्वको मन बिझ्छ, सोच परिवर्तन हुन्छ ? आफू र परिवारका लागि टन्न सङ्कलन गरेपछि किन र कसका लागि देश बनाउनुपर्‍यो भन्ने सोच हाबी भएको त होइन, नेताज्यू ? नेताज्यू ! देश यहाँभन्दा बिग्रन केही बाँकी छ र ? अनि तपाईहरूलाई यो सबै देख्न र हेर्न लाज लाग्दैन कि लागेर पनि पचाउन सक्नुहुन्छ ? *-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : यात्रा सफल हुनेछ । नयाँ पद र प्रतिष्ठा पाइने सम्भावना छ । | **तुला** : आफन्तसँत भेटघाट रहने छ । टाढाको यात्रापनि सफल हुनेछ । |
| **वृष** : विद्या र नयाँ ज्ञान बढ्नेछ । सामाजिक कार्यमा खर्च बढ्न सक्छ । | **वृश्चिक** : सामाजिक प्रसिद्धि प्राप्त हुनेछ । काममा सफल बनिनेछ । |
| **मिथुन** : अवसरको खोजीमा दौडधुप गर्नुपर्ला। साथीभाइसँग असमझदारी बढ्ला। | **धनु** : शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता पनि मिल्नेछ। |
| **कर्कट** : समस्याहरू सिर्जना हुनसक्छन्। प्रेममा मनमुटाव पनि उत्पन्न हुनेछ । | **मकर** : व्यवसायमा लाभ मिल्नेछ । पारिवारिक सद्भाव पनि बढ्नेछ । |
| **सिंह** : शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । | **कुम्भ** : नयाँ कामको थालनी या योजना बन्ला । प्रतिष्ठा कमाउने बेला छ । |
| **कन्या** : मिष्ठान्न भोजनको अवसर मिल्ने छ ।प्रेम जिवन पनि सफल रहने छ । | **मीन** : यात्रा गर्दा सचेत हुनुपर्नेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । |

# कृषि

## कागती खेतीमा रमाउँदै सिभिल इन्जिनियर



दाङको घोराही उपमहानगरपालिका-१६, तेरौटे गाउँमा चार बिघा जमनिमा दुई वर्षयता 'सुन कागती-१' प्रजातिका १५ सय बिरूवा हुर्किंदै छन् । यीमध्ये आधाभन्दा बढी बिरूवामा फल लाग्न सुरू भएको छ ।

कागती खेती गर्ने कृषक हुन् स्थानीय बासिन्दा ४० वर्षीय प्रतीकराज लोहनी। पढाइले उनी इन्जिनियर हुन् । इन्जिनियरका रूपमा १० वर्षभन्दा बढी काम गरे । चार बिघा जमिन चार खण्डमा विभाजन गरेर तारबारले घेरेका छन् । चारै खण्डका लागि अलगअलग प्रवेशद्वार राखेका छन् । ढुवानीमा सजिलो होस् भनेर चार वटा द्वार राखेको भन्छन् । चार-चार मिटरको दूरीमा बिरूवा रोपेका छन् । 'तेरौटे कागती फर्म' नाम राखेर व्यावसायिक कम्पनी दर्ताको प्रक्रियामा अघि बढेका छन् । कागती खेतीको जमिन केही आफ्नो र केही भाडाको हो । हाल वार्षिक ६६ हजार रुपैयाँ भाडा तिर्दैछन् । प्रतीकराजले कागती बगैँचाको बीचमा आफ्ना लागि एउटा घर पनि बनाएका छन् । बगैँचामा ठाउँ-ठाउँमा सिसी टिभी क्यामेरा जडान गरेका छन् । दुई वर्षयता उनको बसाइ बगैँचामै छ । उनी बगैँचा हेरचाहमा खट्छन् । दुई जना सहयोगी कर्मचारी छन् । बढी काम गर्नुपर्दा आवश्यकताअनुसार दैनिक ज्यालामा काम गराउँछन् । यसरी काम गर्ने स्थानीयवासी नै हुन्छन् । भूमिगत पानी तानेर बिरूवामा थोपा सिँचाइको प्रबन्ध गरेका छन् । खेती नजिकै रहेको पुर्ख्यौली घर पनि जीर्णोद्वार गर्दैछन् । उनी अब गाउँमै बस्ने र खेतीमै लाग्ने निष्कर्षमा पुगेका छन् । भन्छन्, 'अबको जीवन कृषि कर्म गर्दै यतै (गाउँमै) बिताउने हो, यतै रमाउने हो ।' प्रतीकराज १३ वर्षको उमेरमा अमेरिका पुगेका थिए । स्कुल र कलेजको पढाइ उतै पूरा गरे । सिभिल इन्जिनियर भए । अमेरिकामा इन्जिनियरकै रूपमा केही वर्ष काम गरे । स्वदेश फर्केर पनि निजी क्षेत्रका जलविद्युत आयोजनामा काम गरे ।

विनाशकारी भूकम्पको समयमा उनले बारपाक र अन्य केही ठाउँमा काम गरे । धेरैजसो बसाइ काठमाडौंमा हुन्थ्यो । काठमाडौंमा आफ्नै घरमा बस्दा पनि उनको मन खुसी हुन सकेको थिएन । इन्जिनियर भएर सेवा गर्दा पनि मनमा सन्तोष भएन । बेखुसी र असन्तोषको खास कारण थियो । तेरौटेमा उनको पुर्ख्यौली घर र जग्गाजमिन छ । यतातिर आउँदा उत्पादनशील जमिन बाँझो देख्थे । उनले भने, 'जतातत्तै जमिन बाँझो देखेर मेरो मन कुँडिन्थ्यो । यस्तो उत्पादनशील जमिन कसरी उपयोग गर्ने होला भन्ने सोचाइ आउँथ्यो ।' उनी किसानका लागि प्रेरक हुन सक्ने कृषि कर्म गर्न चाहन्थे । कोरोना भाइरस संक्रमण महाव्याधि (कोभिड-१९) का कारणले लकडाउन भएको समयमा सबैभैंm उनी पनि फुर्सदिला भए ।

त्यही समय उनले कागतीबारे खोज गर्ने अवसर पाए । फलफूल र तरकारी खेती सम्बन्धी किताबहरू पढे । कागतीबारे पढ्दै जाँदा उनले अरू फलफूलको तुलनामा आर्थिक हिसाबले बढी लाभदायक हुने, रोग-कीराको असर कम हुने, तुरून्तै बजार पुऱ्याउन नसके जोगाएर राख्न सकिने र रोपेको तीन वर्षमै उत्पादन लिन सकिने थाहा पाए । उनले कृषिका जानकारहरूसँग सोधखोज गरे । त्यही क्रममा सुन कागती-१ तराई क्षेत्रमा राम्रो उत्पादन हुने र सरकारले पनि सिफारिस गरेको थाहा पाए । उनी चितवन लगायत तराईका केही ठाउँमा गएर जानकारी लिए । आफ्नो खोजपछि कागतीको खेती गर्ने निष्कर्षमा पुगे । प्रतीकराजका एक जना साथी परासीमा कृषि व्यवसायमा थिए । उनले साथीलाई भेटेर परामर्श लिए । साथीले कागतीको खेती गर्न र लोकल कुखुरा पाल्न सल्लाह दिए । अन्तत: उनले बाँझो बसेको आफ्नो जमिनसँगै भाडामा समेत लिएर आर्गानिक तरिकाले कागती खेती गर्ने निर्णय गरे । दुई वर्षअघि साउनमा पर्वत जिल्लाबाट कागतीका बिरूवा ल्याएर रोपे । उनका अनुसार पर्वतबाट ल्याएर रोप्दासम्ममा एउटा बिरूवाको खर्च करिब दुई सय रुपैयाँ पर्न गयो ।

कागतीमा उनी पूर्ण रूपमा प्रांगारिक मल प्रयोग गर्छन् । गोबर र झारपातबाट आफै प्रांगरिक मल बनाउँछन् । काठमाडौं बस्दा पनि कौसीखेती गरेका थिए, आफै प्रांगारिक मल बनाउँथे । 'मैले कहिल्यै रासायनिक मल प्रयोग गरेको छैन । जुनसुकै भए पनि रासायनिक मल स्वास्थ्यका लागि खराब हुन्छ,' उनी भन्छन्, 'मैले उत्पादन गरेका फलफूल म आफू पनि उपभोग गर्छु । अरूले पनि निर्धक्क उपभोग गर्न सकून् भन्ने मेरो चाहना हो ।' अबको एक वर्षपछि कागती बेच्न थाल्ने उनको योजना छ । एउटा बोटले एक वर्षमा सरदर कम्तीमा ५ किलो कागती दिनेछ भन्ने उनको विश्वास छ । यसो भयो भने उनले १५ सय बोटबाट वार्षिक ७ हजार ५०० केजी कागती बेच्नेछन् तर उनले १२ सय बोट सम्मको उत्पादन अपेक्षा गरेका छन् । उनी भन्छन्, 'मेरो विश्वासअनुसार उत्पादन भयो मलाई पुग्छ ।' उनका अनुसार कृषिबाट कमाइ गर्नु त छँदै छ तर उनको उद्देश्य कमाइ मात्र होइन । भन्छन्, 'कमाउनुभन्दा पनि आफ्नै ठाउँमा काम गरेर रमाउनु र अरूका लागि उदाहरण बन्नु मेरो उद्देश्य हो ।' कृषि कर्म सधैंको आवश्यकता हो भन्ने उनको धारणा छ । उनका अनुसार कुनै व्यक्तिले कृषि कर्म गर्नु वा नगर्नु व्यक्तिगत स्वतन्त्रताको कुरा भए पनि उत्पादनशील जमिन बाँझो बस्नु राज्यका लागि ठूलो घाटा हो । उनलाई जुनसुकै बेला अमेरिका जान पाउने सुविधा छ । काठमाडौंमा घर छ तर उनी दाङको पुर्ख्यौली थलोमै रमाउन चाहन्छन् । 'म जुन बेला पनि अमेरिका जान पाउँछु ।

यहाँ (नेपालमा) बस्दा काम नगरी खान लाउन पुग्ने सम्पत्ति छ,' उनी भन्छन्, 'यसो भनेर म मोजमस्तीमा रमाउन चाहन्नँ । कृषिमा काम गर्न चाहन्छु । अमेरिका पनि जान्छु तर उता बस्दिनँ, घुमफिर गरेर आउँछु ।' प्रतीकराजका लागि कागती खेती व्यावसायिक कृषिको सुरूआत हो । उनी क्रमश: विविधता थप्दै अघि बढ्ने योजनामा छन् । कागतीको काम सुरू गरेपछि आफ्नो साढे एक बिघा जग्गामा बासमती धान पनि रोप्न थालेका छन् । 'हामी खेती त गरिरहेका छौं तर त्यो परम्परागत र गुजारामुखी मात्रै छ । अलि ठूलो परिमाणमा गरौं, व्यावसायिक रूपमा गरौं,' उनी भन्छन्, 'उत्पादन भएपछि व्यापारी आफै आउँछन् । उचित मूल्य पनि प्राप्त हुन्छ ।' **-सेतोपाटी डटकम**

## हावाहुरीले दुई हजार पाँच सय बिघा क्षेत्रफलको केरामा क्षति

जिल्लामा लगाइएको केरामा केही दिनअघि आएका हावाहुरीले ठूलो क्षति पुऱ्याएको छ । चितवन केरा उत्पादक सैका अध्यक्ष माधवप्रसाद घिमिरेका अनुसार केही दिनयता आएको हावाहुरीका कारण जिल्लामा लगाइएको दुई हजार पाँच सय बिघा क्षेत्रफलको केरामा क्षति पुगेको हो ।

पूर्वी चितवनमा लगाइएको केरामा बढी मात्रामा क्षति पुगेको उनले बताए । उनले भने, 'पूर्वी चितवनको रत्ननगर, कालिका र खैरहनी नगरपालिकामा लगाइएको केरामा ठूलो क्षति भएको छ ।' जिल्लामा लगाइएको ४० लाख ८७ हजार पाँच सय केरामा क्षति पुगेको उनले बताए । उनका अनुसार पसाएर फल लाग्ने समयका केरामा हावाहुरीका कारण क्षति पुगेको छ ।

सैका महासचिव जनक पन्तका अनुसार हावाहुरीका कारण केरामा रु १२ करोड बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । सत्तरी जना व्यावसायिक किसानको केरा पूर्णरुपमा क्षति भएको छ भने अन्यको आंशिक क्षति भएको उनले बताए । ९० प्रतिशत किसानले केराको बिमा गरेको र १० प्रतिशत किसानले बिमा नगरेको उनले जानकारी दिए । बिमा गरेका किसानले क्षति भएबापत केही रकम पाउने भए पनि बिमा नगरेका किसानको पूर्ण क्षति हुने उनले बताए । जिल्लामा हाल तीन हजार पाँच सय बिघाा क्षेत्रफलमा केरा खेती गरिँदै आएको छ । उनका अनुसार यहाँ सात सय जना किसानले केरा खेती गरेकोमा हावाहुरीले एक सय ६५ जना किसानको केरामा क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । वास्तविक तथ्याङ्क आउने केही समय लाग्ने उनले जानकारी दिए ।**-रासस**

## रोजगारी नपाएपछि मौरीघार उद्योग सञ्चालन



कास्कीको पोखरा महानगरपालिका-३१ बेगनासका सूर्यप्रसाद लामिछाने मौरीपालनमा जोडिएको १८ वर्ष बित्यो । विसं २०६३ मा दस हजारको लगानीमा दुईवटा घारबाट सुरु भएको उनको मौरीपालन व्यवसाय अहिले 'बेगनास मौरीघार उद्योग'का रुपमा विस्तार भएको छ । सो उद्योगबाट घारसँगै मौरी, मह र मौरीजन्य सामग्री उत्पादन तथा बिक्री हुने गरेको छ । 'मौरीको स्थानीय स्रोत केन्द्रका रुपमा उद्योगलाई विकास गरेका छौं, हालसम्म एक करोड बढी लगानी भइसकेको छ', ४२ वर्षीय लामिछानेले भने, 'उद्योगमा वार्षिक एक करोड बढीको कारोबार हुन्छ, झण्डै २४/२५ लाख जति आम्दानी छ ।' उद्योगमा छ जनाले रोजगारी पाएका छन् ।

लामिछानेको परिवारका सदस्य पनि सोही व्यवसायमा तल्लिन छन् । कतै रोजगारी नपाएपछि २४ वर्षको उमेरमा मौरीपालनमा होमिएका लामिछाने अहिले आफै रोजगारदाता बन्न सफल भएका हुन् । 'यहाँ उत्पादित मौरीघार पूर्वमा सिन्धुलीदेखि देशका विभिन्न जिल्ला र सहरमा पुग्छ, धेरैजसो खपत गण्डकी प्रदेशभित्रै छ', उनले भने, 'कुनै याममा त गोलासहितको मौरीघारको माग पुऱ्याउनै धौधौ हुन्छ, मौरीपालन व्यवसायबाट म सन्तुष्ट छु, उद्योगको कामले एकछिन फुर्सद हुँदैन ।' मौरीसहितको आधुनिक घारको बजार मुल्य रु. दस हजार र घारको मात्र रु. चार हजार तोकिएको उनले जानकारी दिए । 'गोलासहित वर्षमा १२ सय जति घार उत्पादन र बिक्री हुँदै आएको छ, किसानहरुबाट घार लिने र त्यसको सट्टा किसानलाई मौरीको गोला पनि दिने गरिएको छ', उनले भने । मह मात्रै बेचेर वर्षमा रु. आठदेखि दस लाखसम्म जति कमाइ हुने गरेको लामिछानेले सुनाए । उद्योगबाट प्रतिकिलो रु. एक हजार पाँच सयमा मह बिक्री हुने गरेको छ । स्वस्थ र स्वादिलो भएकाले महको माग बढी हुने गरेको उनको भनाइ छ ।

उनका अनुसार उद्योगमा अहिले तीन सय ५० घार मौरी छन् । वार्षिक १२ सय देखि १५ सय किलोसम्म मह उत्पादन हुँदै आएको छ । मौसम अनुकूल पर्दा मह उत्पादन अझ बढ्ने गरेको उनको भनाइ छ । वर्षको दुई याममा मह उत्पादन हुन्छ । उद्योगबाट मौरीपालनका लागि आवश्यक पञ्जा, झोला, टापीलगायत सामग्री पनि बेच्ने गरिएको छ । लामिछानेले स्थानीय सेरेना जातको मौरीपालन गर्दै आएका छन् । स्वस्थ मह उत्पादनदेखि वातावरणीय सन्तुलन कायम राख्न पनि सेरेना जातको मौरी उत्कृष्ट मानिने उनको भनाइ छ । स्याउका बिरुवामा परागशेचनका लागि मुस्ताङका स्याउ किसानले पनि सोही उद्योगबाट मौरी लगेका उनले बताए । उनले मौरीपालन गर्न चाहाने किसानलाई तालिम पनि दिए । उत्कृष्ट मौरीपालक किसानका रुपमा उनि देशविदेशमा सम्मानित भएका छन् । विसं २०७३ मा राष्ट्रिय युवा परिषद्ले रु. ५० हजार नगदसहित उनलाई सम्मानित गरेको थियो । 'सम्मान ग्रहणका लागि जापान पनि पुग', उनले भने, 'मह सम्बन्धी सम्मेलनमा भाग लिन अमेरिकालगायत युरोपका विभिन्न देश घुम्ने अवसर पाएँ ।' मौरीलाई शरीरमा राखेर पनि उनी बेलाबेलामा चचार्मा आउँदै गरेका छन् । उनको उद्योगले गत वर्ष मह खाने प्रतियोगिता पनि आयोजना गरेको थियो । 'बेगनास मौरीघार उद्योग' नमुना मौरी स्रोत केन्द्रका रुपमा विकास हुँदै गएको पोखरा महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले बताए । 'महानगरले पनि किसानलाई उनकै उद्योगबाट घार उपलब्ध गराउँदै आएको छ, यहीँ स्रोत केन्द्र भएपछि अन्यत्रबाट ल्याउनुपर्ने बाध्यता हटेको छ', उनले भने ।

प्रमुख कडरियाले मौरीपालनमा लाग्न चाहाने किसानका लागि लामिछाने प्रेरणाको स्रोत रहेको बताए । 'उनी धेरै ठाउँमा पुरस्कृत र सम्मानित भइसकेका छन, उनी मौरीपालन सम्बन्धी तालिमका लागि पनि पोख्त छन', प्रमुख कडरियाले भने, 'मौरीपालन व्यवसाय प्रवर्द्धनका गतिविधिमा पनि उनको सक्रियता राम्रो छ ।' महानगरले विभिन्न वडालाई 'मौरी पकेट क्षेत्र' घोषणा गरेर घारलगायत मौरीजन्य सामग्रीमा किसानलाई अनुदान सहयोग गर्दै आएको उनको भनाइ छ । आधुनिक घारमा बढी र राम्रो मह उत्पादन हुने भएकाले मौरीपालनमा किसानको आकर्षण बढ्दै गएको प्रमुख कडरियाले बताए ।

*-रासस*

## शिक्षण पेशा छाडेर कृषिमा रमाउँदै



नवलपरासी 'बर्दघाट सुस्तापूर्व'को कावासोती नगरपालिका-१६ का नारायण लामिछानेको दैनिकी हिजोआज कृषि कर्ममा बित्ने गरेको छ । स्नातकोत्तरसम्मको पढाइ पूरा गरेका उनी १४ वर्षको शिक्षणपछि पूर्णरूपमा कृषि कार्यमा खटिएका हुन् । विगत दुई वर्षदेखि उनी माटोसँग खेलिरहेका छन् । स्थानीय विद्यालय र क्याम्पसका अङ्ग्रेजी अध्यापक उनी आफ्नै खेतबारीमा व्यस्त छन् । 'स्नातकोत्तरसम्मको पढाइ पूरा गरेर १४ वर्ष अध्यापन गरेँ तर मलाई कक्षा कोठामा पढाउनभन्दा कृषि कर्म राम्रो लाग्यो दुई वर्षदेखि पूर्णरूपमा खेतबारीमा रमाएको छु', उनले भने, 'अहिले मेरो आम्दानीको स्रोत नै कृषि हो ।' विगतमा निर्वाहमुखी खेती गर्दै आए पनि पछिल्लो सात वर्षदेखि व्यावसायिक तरकारी खेती गर्दै आएको उनले बताए ।

कुनै विषादीको प्रयोग नगरी जैविक उत्पादन गरेकाले खेतबारीबाट नै तरकारी बिक्री हुने गरेको उनले बताए । 'मौसमी र बेमौसमी तरकारी खेती गर्ने गरेका छौँ, बाह्रैमास हाम्रा खेतबारी हराभरा हुन्छन्', उनले भने, 'उत्पादन भएको तरकारी स्थानीय बजारमा नै खपत हुने गरेको छ ।' अहिले उनको खेतबारीमा लौका घिरौँला, करेला, बोडी, टमाटर, फर्सीको मुन्टा र खरबुजालगायतका तरकारी फलेको देख्न सकिन्छ । हिजोआज गर्मी सिजन भएकाले खरबुजाको माग र बिक्री धेरै भइरहेको छ । बारीबाट टिपेको ताजा तरकारी सहुलियत दरमा स्थानीयलाई बिक्री गर्ने गरिएको छ ।

कहिलेकाहीँ उत्पादन बढी हुँदा आफैँले गाडीमा राखेर बिक्री गर्न हिँड्ने गरेको लामिछानेले बताए । 'आफ्नो घरमा बसेर तरकारी खेती गर्दै आएको छु कुनै सिजनमा सोचेभन्दा राम्रो आम्दानी हुन्छ, कहिले अलि थोरै हुन्छ', उनले भने, 'कृषिका लागि बैंकबाट लिएको रु २० लाख ऋणको ब्याज तिर्ने र घर खर्च चलाउने सबै खर्च तरकारी खेतीबाट भएको आम्दानीले नै पुग्ने गरेको छ ।' उनका धेरै साथीहरू रोजगारीका लागि विदेश पुगेका छन्, कतिपय साथी शिक्षण पेसा गरिरहेका छन् तर लामिछाने भने आफ्नै गाउँघरमा तरकारी खेतीबाट खुसी छन् ।

तरकारी उत्पादनमा दैनिक श्रम गर्दा आफ्नै खेतबारीमै विदेशमा पाइनेभन्दा उत्तम रोजगारी मिलेको अनुभूति हुने गरेको लामिछानेले बताए । अधिकांश युवा रोजगारीको खोजीमा विदेशिने क्रम बढ्दो छ । स्वदेशमा रोजगारीको सम्भावना नभएको भन्दै विदेश पस्ने युवाका लागि नारायण लामिछाने प्रेरणाको स्रोत बनेका छन् । उनी स्वदेशमा नै श्रम गर्न सबै युवालाई सुझाउँछन् ।

*-डिसी नेपाल डटकम*

# समन्वयात्मक बैठक:जनप्रतिनिधिले राखे समस्या र गुनासो

**पाल्पा,** जेठ २६/जिल्लाका स्थानीय तह, सुरक्षा निकायसहितको समन्वयात्मक बैठक रामपुरमा भएको छ । जिल्ला समन्वय समितिको आयोजनामा अन्तरपालिकाबिच अनुभव आदन-प्रदानसँगै विकास निर्माणमा साझेदारी र साझा मुद्दा उठान गर्ने उद्देश्यले बैठक भएको हो ।

बैंठकमा पालिकाहरुले एक आपसमा आफ्ना कार्यप्रगति, नयाँ अभ्यास र देखिएका समस्याहरु आदन-प्रदान गरेका थिए । अधिकांश जनप्रतिनिधिहरुले वित्तिय समानीकरण अनुदानको कटौती, जिल्ला दररेट, नदी तथा खनिजजन्य सामाग्रीको उत्खनन्का विषयहरु उठान गरेका थिए । बैंठकमा तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले संघीय सरकारले स्थानीय तहलाई विनियोजन गरेको वित्तिय समानीकरण अनुदान कटौती गर्दा योजनाहरु प्रभावित हुने गुनासो गरे । राजस्व बाँडफाँडमा रकम थपघट हुनुस्वभाविक भए पनि समानीकरण अनुदान बिचमा फेरबदल हुन नहुने उनको तर्क थियो । रामपुर नगरपालिका प्रमुख रमणबहादुर थापाले जिल्ला दररेट कम हुँदा उपभोक्ताहरु मर्कामा परेको बताउँदै दररेट परिमार्जन गर्नुपर्नेमा जोड दिए । बैंठकमा रम्भा गाउँपालिकाका अध्यक्ष विष्णु प्रसाद भण्डारी, तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठ, बगनासकाली गाउँपालिकाका अध्यक्ष सरस्वती चिदी, रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराई, माथागढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदी, पूर्वखोला गाउँपालिकाका उपाध्यक्ष भागीरथी शर्मा भट्टराई लगायतले जिल्ला भित्रको बेरुजु कम गर्न साँझा धारणा बनाएर अघि बढ्नु पर्ने, पालिकाले घरेलु मदिरा ब्राण्डिङ्गमा काम गरे पनि प्रदेश र संघबाट कानुन निर्माण नहुँदा समस्या भएको, दररेटको विषयमा पटक-पटक आवाज उठाउँदै आए पनि समाधान हुन नसकेको , अनुदान कटौतीले स्थानीय तहको विकासमा समस्या पर्ने, जग्गा मूल्याङ्कनमा रोपनी



अनुसारको दर हुनु पर्नेमा आनामा हुँदा जनगुनासो बढेको लगायतका समस्या तथा गुनासाहरु राखेका थिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी आनन्द प्रसाद काृलेले स्थानीय तहबाट आएका गुनासोको विषयमा प्रकाश पारेका थिए । कोष तथा लेखानियन्त्रण कार्यालयका लेखानियन्त्रक शशिन्द्र खातीले जिल्लाको वित्तिय अनुशासनको बारेमा जानकारी गराए । बैठक ११ बुँदे रामपुर घोषणापत्र जारी गर्दै सकिएको छ । घोषणा पत्रमा जिल्लाको पर्यटन प्रवर्द्धनका लागि जिल्ला भित्रका पर्यटकीय गन्तब्यहरुलाई सडक, पदयात्रा तथा अन्य पूर्वाधारहरुले एक आपसमा जोडी पर्यटकीय गतिविधी बढाउन योजना बनाई काम गर्ने, बुटवल पावर कम्पनीको विद्युत महशुल वृद्धि विरुद्ध ऐक्यवद्धता जारी गर्ने, स्थानीय दररेट निर्माण गर्ने तथा यथार्थपरक जिल्ला दररेट बनाउने विषयमा जिल्ला दररेट निर्धारण समितिलाई सुझाव र निर्देशन दिने, आन्तरिक राजस्व वृद्धिका लागि नदीजन्य पदार्थ निकासीका लागि साझा मार्गचित्र बनाउने । कालीगडण्की नदीबाट नदीजन्य पदार्थ निकासीका लागि सर्वोच्च अदालतको स्टेअर्डर हटाउन न्यायिक पहल गर्ने, रामपुर कपुरकोट सडकको पाल्पा खण्डमा रकम विनियोजनका लागि पहल गर्ने उल्लेख छ । त्यस्तै संघ र प्रदेश सरकारबाट आउने अनुदान काटिने समस्या समाधान गर्न संघ र प्रदेशलाई खवरदारी गर्ने, प्रत्येक पालिकामा सहुलियत र रैथाने पसल सञ्चालन गर्ने साथै स्थानीय र अनुदानप्राप्त उत्पादनहरु अन्तरपालिका कारोवार गर्दा सहुलियत दरमा खरिदविक्री गर्ने व्यवस्था गर्न पहल गर्ने, कृषि तथा पशुजन्य उत्पादन बजारीकरणका लागि साझा संयन्त्र बनाउने, जग्गा मूल्याङ्कनमा आएको जनगुनासोलाई सम्बोधन गर्ने गरी पुनरावलोकन गर्न मालपोत कार्यालयलाई निर्देशन दिने, बेरुजू नहुने गरी कार्यसम्पादन गरिने, बेरुजु फर्छ्यौटलाई उच्च प्राथमिकता दिइने बताईएको छ । कार्यक्रममा रामपुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुर्यदर्शन पण्डित, निस्दी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत मदन अर्याल, रम्भा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत ठाकुर अर्याल, तिनाउ गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत लेखबहादुर बस्नेत, माथागढी गाउँपालिकाका प्रमुख प्रशासकिय रामप्रसाद घिमिरे, पूर्वखोला गाउँपालिकाका योजना शाखा अधिकृत विनोद नेपाल, रैनादेवी छहरा गाउँपालिका प्रशासन शाखा अधिकृत रामप्रसाद पाण्डे लगायतले प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालको अध्यक्षता, रामपुर नगरपालिका प्रमुख रमण बहादुर थापाको स्वागत, योजना शाखा प्रमुख विक्रम बस्नेतको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# आज १२ औं राष्ट्रिय कृषक दिवस मनाइँदै

**पाल्पा,** जेठ २६/आज १२ औं राष्ट्रिय कृषक दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । कृषकलाई पनि अन्य पेशाकर्मी तथा व्यवसायी सरह कै सम्मान दिनु पर्छ भन्ने आशयका २०७० देखि यो दिवस मनाउन थालिएको हो ।

हरेक वर्ष जेठ २७ गतेलाई राष्ट्रिय कृषक दिवसको रुपमा मनाउने गरिएको छ । दिवसका दिन औपचारिक कार्यक्रमका साथ उत्कृष्ट कृषकहरूलाई पुरस्कार तथा सम्मान गर्ने गरिन्छ । जीवन रक्षात्मक उत्पादनमूलक काममा लागेका कृषकलाई सम्मान गरी दिवस मनाउन राष्ट्रिय कृषक महासंघ नेपाल राष्ट्रिय कृषक दिवस व्यवस्थापन समितिले विनम्र अनुरोध गरेको छ । कृषि पेसालाई प्रवर्द्धन गर्दै, निर्वासमुखी कृषिबाट ब्यवसायिक कृषिको यात्रालाई पैरवी गर्न नेपालमा यस दिवसको विशेष महत्व रहेको छ । आउदा पुस्ताहरुमा कृषिको महत्व र यसको आवश्यकता बुझाउन दिवसले महत्वपूर्ण भूमिका खेल्दछ । समयमा विउमल



नपाइनु, सिँचाइको अभाव, उच्च मूल्यका कृषि वस्तुमा प्राथमिकता, जलवायु परिवर्तन लगायतका कारण नेपाली कृषकहरु समस्या पर्दै आएका छन् ।

मकै छर्ने, धानको बीउ राख्ने तथा तरकारीखेती गर्ने मौसमका बेला मल र बीउ अभाव हुँदा आफूहरू मारमा परेको कृषकहरूको गुनासो छ । सरकारले हरेक वर्ष ल्याउने नीति तथा कार्यक्रम र बजेटमा कृषिसम्बन्धी विषय बुलन्द सुनिए पनि कार्यान्वयन भने प्रभावकारी कहिल्यै हुन सकेन । हरेक वर्ष खेती लगाउने समयमा कृषकले रासायनिक मलका लागि घन्टौँ लाइनमा बस्नुपर्ने बाध्यताको अन्त्य हुन सकेको छैन ।

## खेलकुद समाचार

# महिलातर्फको उपाधि नेपाल पुलिस क्लबलाई



**काठमाडौँ,** २६ जेठ/प्रधानमन्त्री कप एनभीए भलिबलमा महिलातर्फको उपाधि नेपाल पुलिस क्लबले जितेको छ ।

राखेपको कभर्ड हल त्रिपुरेश्वरमा भएको खेलमा पुलिसले एभरेष्ट भलिबल क्लबलाई ३-२ को सेटमा हराएर उपाधि जितेको हो । पहिलो दुई सेट पुलिसले जितेको थियो । त्यसपछि लगातार दुई सेटमा एभरेष्टले पुलिसमाथि जित निकाल्यो । अन्तिम तथा निर्णयक सेटमा पुलिसले एभरेष्टलाई १५-१२ ले जित्यो । यस्तै सशस्त्र प्रहरीको एपीएफ क्लब महिलातर्फ तेस्रो भएको छ । शनिबार भएको खेलमा नेपाल आर्मीलाई ३-० को सेटमा हराएर एपीएफ तेस्रो भएको हो । अहिले पुरुषतर्फको गण्डकी प्रदेश र हेल्प नेपालले खेलिरहेका छन् । गण्डकी शीर्ष र हेल्प नेपाल दोस्रो स्थानमा रहँदै फाइनलमा पुगेका हुन् । पुरुषतर्फ नेपाल पुलिस क्वल तेस्रो भएको छ । पुलिसले त्रिभुवन आर्मीलाई ३-२ को सेटमा हराएर तेस्रो भएको हो । प्रतियोगितामा पुरुषतर्फ आठ र महिलातर्फ ६ वटा टोली सहभागी थिए । पुरुष र महिला दुवैतर्फको विजेताले आठ लाख, उपविजेताले चार लाख र तेस्रो हुने टोलीले दुई लाख रुपैयाँ पाउनेछन् ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## अर्थ/कर्पोरेट समाचार

# सरकार आर्थिक समृद्धिको यात्रामा अघि बढिरहेको छ : अर्थमन्त्री पुन



**काठमाडौँ,** जेठ २६/ अर्थमन्त्री वर्षमान पुनले वर्तमान सरकार जनताको जीवनस्तर बदल्दै आर्थिक समृद्धि यात्रामा अघि बढिरहेको रहेको बताएका छन् । नेकपा (माओवादी केन्द्र) समर्थित रिटर्नी सेन्टर नेपालको प्रथम स्थापना दिवसका अवसरमा शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले सरकार मुलुकको आर्थिक तथा सामाजिक रुपान्तरणमा केन्द्रित भएको बताएका हुन् ।

मुलुक गणतान्त्रिक व्यवस्थामा प्रवेश गरेपछि विभिन्न क्षेत्रमा आधारभूत उपलब्धि हासिल भएको जनाउँदै उनले अब ती उपलब्धिको गुणात्मक विकास गरिने बताए । गणतन्त्रपछि मुलुकमा केही भएन भन्ने नकारात्मक भाष्य चिर्दै सरकार अघि बढिरहेको उल्लेख गर्दै अर्थमन्त्री पुनले भने,'बजेटमार्फत जनतामा आशा जगाउँदै देशभित्र वा बाहिर जहाँ भए पनि राष्ट्र निर्माणमा योगदान दिन सक्छौँ भन्ने सोच विकास गर्न खोजिएको छ ।' आगामी आर्थिक वर्षमा एक लाख रिटर्नीलाई पुन:स्थापना गर्ने योजना अघि सारिएको जानकारी दिँदै उनले विदेशबाट फर्केका युवाको श्रम, सीप र पुँजीलाई स्वदेशमै प्रयोग गर्ने वातावरण बनाइएको बताए । मन्त्री पुनले आगामी आर्थिक वर्षको बजेटमा कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन र उद्यमशीलता प्रवर्द्धनलाई प्रमुख पाँच रुपान्तरणकारी क्षेत्र घोषणा गरी विशेष योजना अघि सारिएको बताए । 'कृषिको रुपान्तरणलाई पहिलो प्राथमिकता दिइएको छ । विद्युत् उत्पादन गरी आन्तरिक खपत बढाउने तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने योजना राखिएको छ', मन्त्री पुनले भने, 'विदेशी पर्यटक भित्र्याएर आर्थिक समृद्धिमा फड्को मार्न सकिन्छ ।' आगामी दशकलाई सूचना प्रविधि दशक घोषणा गरिएको जानकारी दिँदै मन्त्री पुनले १० वर्षमा ३० खर्बको सूचना प्रविधिसम्बन्धी सेवा निर्यात र १५ लाख रोजगारी सिर्जना गरिने दाबी गरे् । राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले वैदेशिक रोजगारबाट फर्केका युवालाई स्वदेशमै उद्यमशील बनाउने उद्देश्यले आगामी आर्थिक वर्षको बजेटमा समेटिएका विभिन्न कार्यक्रमबाट लाभ लिन आग्रह गरे । परिषद्ले रिटर्नी युवालाई लक्षित गरी उद्यमशीलता सम्बन्धी तथा वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरिरहेको उनले जानकारी दिए । सेन्टरका अध्यक्ष देवेन्द्र सम्बाहाम्फेले वैदेशिक रोजगारबाट श्रम, सीप र पुँजीसहित स्वदेश फर्केका युवालाई एकताबद्ध गर्दै स्वदेशमै उद्यमशीलता विकासमा सहयोग गरिने प्रतिबद्धता व्यक्त गरे । उनले रिटर्नी युवालाई स्वदेशमै काम गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिँदै सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने बताए ।

रिटर्नी माइग्रेन्ट नेपालका महासचिव कृष्णप्रसाद न्यौपानेले विदेशबाट फर्केका युवाको श्रम, सीप र पुँजीको सदुपयोग गर्ने वातावरण बनाइनुपर्नेमा जोड दिँदै वैदेशिक रोजगारबाट स्वदेश फर्केका सम्पूर्ण युवा एकजुट हुनुपर्ने बताए । नेपाल रिटर्नी एशोसियशन समाजवादीका अध्यक्ष प्रवीण पौडेलले मुलुकको राष्ट्रिय अर्थतन्त्रको विकासमा आप्रवासी कामदारले पठाएको विप्रेषणको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमशील बनाउने नीति ल्याउन आग्रह गरे । **-रासस**

# लायन्सको चौथो...

...बैठकको अवसरमा उत्कृष्ट कार्य गर्ने क्लव, क्लवका अध्यक्ष एवं पदाधिकारीहरु, जोन तथा रिजोन चियर पर्सनहरुलाई सम्मान गरिएको थियो । बैठकमा पाल्पा, कपिलवस्तु, काठमाडौ, रुपन्देही, नवलपरासी जिल्लाका १ सय ६९ क्लवका ७ सय बढी लायन्सकर्मीहरुको उपस्थिति रहेको डिष्ट्रिक सचिवालय बुटवलका सचिव भुपति न्यौपानेले जानकारी दिए । लायन्स डिष्ट्रिक गभर्नर पिएमजेएफ अर्जुनमान सैजुको सभापतित्व, लायन्स सुनिता राणाले झण्डा अभिनन्दन, कार्यक्रम संयोजक तथा एरिया -२ का चिफ भिमबहादुर श्रेष्ठको धन्यवाद ज्ञापन, क्याबिनेट सेक्रेटरी बिनोद खरेलको सञ्चालनमा कार्यक्रम भएको थियो । क्लवहरुले सामाजिक रुपमा सरसफाइ, शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा उल्लेखीय कार्य गर्दै आएका छन् ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई